# अमेरिकासँगको तनावका बिच चीन जाँदै मोदी

**नयाँदिल्ली**/ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले 'सांघाई को-अपरेसन अर्गनाइजेसन(एससिओ)' आगामी सम्मेलनमा भाग लिने तयारी गरिरहेको बुधबार भारतीय मिडियाले लेखेका छन् । एससिओको आगामी शिखर सम्मेलन अगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म चीनको टियानजिनमा हुँदै छ ।



मोदी चीन गए भने शिखर सम्मेलनको साइड-लाइनमा उनको चिनियाँ राष्ट्रपति सी जिनपिङसँग द्विपक्षीय वार्ता पनि हुने समाचारमा उल्लेख छ । भन्सार शुल्क र रुसी तेल खरिदलाई लिएर अमेरिकासँग बढ्दो तनावको बिचमा मोदीको चीन भ्रमण हुन लागेको हो । स्रोतहरूले अझै तयारीकै चरणमा रहेको बताएको प्रधानमन्त्री मोदीको आगामी चीन भ्रमण सात वर्षमा पहिलो हुनेछ । यसअघि मोदी सन् २०१८ मा चीन गएका थिए ।

मोदी र सीबिच पछिल्लो समय अक्टोबर २३, २०२४ मा रुसी सहर काजानमा ब्रिक्स शिखर सम्मेलनको छेउमा भेटघाट भएको थियो । त्यस भेटमा पूर्वी लद्दाखमा 'वास्तविक नियन्त्रण रेखा (एलएसी)'को विवादित क्षेत्रबाट सेना पछि हटाउने र गस्ती पुनः सुरु गर्ने सहमति भएको थियो ।

पूर्वी लद्दाख क्षेत्रको सीमा क्षेत्र (एलएसी)मा दुई देशका सेनाबिच मे २०२० मा झडप भएपछि सम्बन्ध चिसिएका थियो । कजान बैठकपछि मात्र शीर्ष तहमा सम्बन्ध सुधार देखिन थालेको हो । त्यसयता दुई देशले सम्बन्ध सुधारमा अन्य प्रयास पनि चालेका छन् । तिनमा भारतीय तीर्थालुको मानसरोवर यात्रा पुनः सुरुदेखि, चिनियाँ पर्यटकका लागि भिसा र प्रत्यक्ष उडानको पुनरुत्थानजस्ता कदम चालिएका छन् ।

तर, गत मे महिनामा भारतले चालेको 'अप्रेसन सिन्दूर'मा पाकिस्तानी सेनालाई चीनले सक्रिय सहयोग गरेको देखिएपछि सम्बन्ध पुनर्स्थापनामा केही धक्का लागेको छ । भारतका अनुसार पाकिस्तानले त्यस अवधिमा चिनियाँ हतियार र ड्रोनहरूको प्रयोग मात्र गरेको थिएन, बेइजिङले प्रत्यक्ष गुप्तचर जानकारी दिएर पाकिस्तानलाई मद्दत गरेको थियो ।

संयोगवश, सन् २०१८ मा मोदीको अन्तिम चीन भ्रमण जुनमा क्विङदाओमा भएको एससिओ शिखर सम्मेलनकै लागि भएको थियो । सीले भने पूर्वी लद्दाखको झडपअघि अक्टोबर २०१९ मा भारतको भ्रमण गरेका थिए ।

## इतिहासमा आज

अगस्ट ८



**सन् १९७४** : 'वाटरगेट काण्ड'बाट विवादमा तानिएका तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले संसद्बाट महाभियोगबाट हटाइने सम्भावनाबिच यसै दिन टेलिभिजन सम्बोधनमार्फत राजीनामा दिए ।

**सन् १९१९** : तेस्रो 'अंग्रेज-अफगान युद्ध' अन्त्य गर्न रावलपिन्डीमा भएको अंग्रेज-अफगान सन्धिमा बेलायतले अफगानिस्तानलाई स्वतन्त्र राष्ट्रको मान्यता दियो ।

**सन् १९४५** : सोभियत संघले जापानविरुद्ध युद्ध घोषणा गर्‍यो । सोभियत कदमले जापानी राजालाई अनुकूल सर्तमा अमेरिकासमक्ष आत्मसमर्पण गर्न दबाब सिर्जना गरेको थियो ।

**सन् १९४५** : युरोपमा नाजीहरूको हारपछि शीर्ष नाजी पदाधिकारीविरुद्ध युद्ध-अपराधको मुद्दा चलाउने विषयमा मित्रशक्तिहरू अमेरिका, सोभियत संघ, बेलायत र फ्रान्सले 'अन्तर्राष्ट्रिय सैन्य न्यायालय' स्थापना गर्ने सहमति गरे ।

**सन् १९४९** : भारत-भुटानबिच यसै दिन भएको मैत्री सन्धिले बेलायतले हेर्दै आएको भुटानको विदेश मामिला भविष्यमा भारतले हेर्ने तय गर्‍यो ।

**सन् १९६७** : 'आसियान' स्थापना गर्ने निर्णय गरे ।

**सन् १९९०** : इराकले कब्जा गरेको ६ दिनपछि कुवेतलाई देशको १९औँ प्रान्त घोषणा गर्‍यो ।

# गाजामा मारिने बालबालिकाको संख्या १८ हजार

**गाजा**/ संयुक्त राष्ट्र संघका अनुसार इजरायली बमबारी र आवश्यक मानवीय सहायताको वितरणमा लागेको प्रतिबन्धका कारण गाजामा दैनिक लगभग २८ बालबालिकाको मृत्यु भइरहेको छ । 'बमबारीबाट बालबालिका मरिइरहेछन् । त्यस्तै कुपोषण र भोकमरीले पनि ज्यान लिइरहेको छ । सहायता र महत्त्वपूर्ण सेवाहरूको अभावबाट बालबालिकाको मृत्यु भएको छ,' संयुक्त राष्ट्र बाल कोष (युनिसेफ)ले सामाजिक संजाल एक्समा एक पोस्ट गर्दै भनेको छ ।

'गाजामा, प्रतिदिन औसत २८ बालबालिका मारिँदै छन् । अर्थात् प्रत्येक दिन झन्डै एउटा कक्षाकोठा खाली हुँदै छ,' युनिसेफले भनेको छ । युनिसेफले गाजामा बालबालिकालाई खाना, सफा पानी, औषधि र सुरक्षाको तत्काल आवश्यकता रहेको जोड दिएको छ र सबैभन्दा तत्काल युद्धविराम चाहिएको बताएको छ ।

इजरायलले गाजामा आफ्नो नरसंहार युद्ध सुरु भएदेखि १८ हजारभन्दा बढी बालबालिका मारिइसकेका छन्, जुन प्रतिघण्टा एक बच्चाको हत्याबराबर हुन आउँछ । अक्टोबर ७, २०२३ मा हमासले दक्षिणी इजरायलमा आक्रमण गरेदेखि यता ६० हजारभन्दा बढि प्यालेस्टिनीहरू मारिएका छन् भने एक लाख ५० हजार २७ जना घाइते भएका छन् ।

इजरायलको आक्रमणले गाजाका बालबालिकामाथि गम्भीर मनोवैज्ञानिक चोट निम्त्याइरहेको छ ।

# हिज्बुल्लाहद्वारा निःशस्त्रीकरण प्रयासको विरोध

**बेरुत**/ लेबनानको सरकारले निःशस्त्रीकरणको विषयमा निर्णय गर्ने चर्चाबिच हिज्बुल्लाहका समर्थकले राजधानी बेरुतमा भेला भएर विरोध जनाएका छन् । संयुक्त राज्य अमेरिकाले लेबनानमाथि हिज्बुल्लाहलाई निःशस्त्रीकरण गर्न दबाब दिइरहेका वेला सोमबार रातिदेखि बेरुतमा प्रदर्शन भएको थियो । गत वर्ष इजरायलसँगको युद्धपछि हिज्बुल्लाह निकै कमजोर भएको छ । इजरायलद्वारा त्यस समूहका अधिकांश शीर्ष नेतृत्वसँगै हजारौँ लडाकु मारिएका थिए । साथै समूहका हजारौँ समर्थक घरलक्षित बमबारीपछि घरबारविहीनसमेत भएका थिए ।


## कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ५, थलि, काठमाडौं
फोन नं: ०१-४४५०१२६, ०१-४४५०७४३ ।

### ३५ दिने धितो लिलाम सार्वजनिक सूचना

(प्रकाशितमिति : २०८२/०४/२३)

उपरोक्त सम्बन्धमा यस कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि. थलि कार्यलयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, हर्जना व्याजआदि चुक्ता भुक्तान गर्न पटक पटकलिखित एवं मैखिक तथा (मिति२०८०।०५।०४ गते नया प्रत्रिका राष्ट्रिय दैनिक)मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरे बमोजिम ऋणीलाई ताकेता गर्दा पनि ऋण कर्जा चुक्ता भूक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले यो ३५ दिने धितो लिलामको सार्वजनिक सूचना प्रकासित गरिएको हो ।
यो सूचना प्रकाशित भएको मिति भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा नेपाल सरकारको प्रचलितत कानून बमोजिम संस्था आफैले धितो लिलाम बिक्रि गर्ने भएकोले उक्त लिलाममा डाक बढाबड गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकासित भएको मितिले ३६ औं दिन( उक्त दिन विदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

तपशिल

| ऋणीहरू | जमानिकर्ताहरू |
|---|---|
| **१) मित्रा नन्द तिमलसेना**<br>ना.प्र.नं. २८२२३<br>जारी मिति : २०४४/०१/०३<br>बाबुको नाम: डिल्ली प्रसाद तिमलसिना<br>बाजेको नाम: गौरी शंखर तिमलसिना<br>ठेगाना: ललितपुर जिल्ला, माल्टा गा.वि.स,वडा नं १<br>हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं ४, ब्रम्हखेल । | **२) रमेश तिमलसेना**<br>ना.प्र.नं. ३९११५<br>जारी मिति : २०६२।०६।१४<br>बाबुको नाम: मित्रा नन्द तिमलसेना<br>बाजेको नाम: डिल्ली प्रसाद तिमलसेना<br>ठेगाना: ललितपुर जिल्ला, माल्टा गा.वि.स,वडा नं १<br>हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं ४, ब्रम्हखेल । |

**धितोको विवरण :**
मित्रा नन्द तिमलसेना र रमेश तिमलसेनाको संयुक्त नाममा मालपोत कार्यालय साँखुमा दर्ता श्रेष्ता कायम भएको काठमाडौं जिल्ला थलिडाँछी गा.वि.स वडा नं. १ग कित्ता नं. ३७७ को क्षेत्रफल ०-१-१-० रोपनी(३९.७४ वर्ग मि), कि.नं. ३८० को क्षेत्रफल ०-१-३-० रोपनी (५५.६४ वर्ग मि) जम्मा क्षेत्रफल ०-३-०-० (९५.३८ वर्ग मि) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।



## NIMB — नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

### नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी

(प्रकाशित मिति : २०८२/०४/२३)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०४/२९

बोलपत्र खोलिने मिति २०८२/०४/३० दिउँसो १ बजे

तपसिल

| क्र.सं. | ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : सिंह फेन्सी स्टोर (आवधिक कर्जा) -शाखा कार्यालय साँफेबगर,** दर्ता नं.: २५७५/०७५/०७६, ठेगाना : साँफेबगर न.पा. ०३, अछाम<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **मंगला शाह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६९३००६/१९८, मिति २०६३/१०/२२ मा जि.प्र.का.अछामबाट जारी भएको)<br>पति : कलक बहादुर सिंह, ससुरा : गोकुल बहादुर सिंह<br>२. **कलक बहादुर सिंह -जमानीकर्ता** (ना.प्र.नं.२२४, मिति २०५४/०३/२९ मा जि.प्र.का.बझाङबाट जारी भएको)<br>बाबु : गोकुल बहादुर सिंह, बाजे : गजेन्द्र बहादुर सिंह | मंगला शाहको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा. वडा नं. ०३ स्थित कि.नं. ३६५ (८५ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी, कैलाली/सम्बन्धीत मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।



## रिलायन्स फाइनान्स लिमिटेडका

### ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति: २०८२/०४/२३)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण बापत लेखि दिनुभएको तपसिल वमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपशिल

केन्द्रिय कार्यालय: कमलादी काठमाडौ

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नाम : विशाल राज पोखरेल**<br>ठेगाना : ललितपुर जिल्ला, लामाटार वडा नं. ०३<br>हालको ठेगाना : ललितपुर जिल्ला, सानेपा वडा नं. ०२<br>बुवा : विष्णु कुमार पोखरेल<br>बाजे : बाल कृष्ण पोखरेल<br>**कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा** | **निशा पोखरेल**को नाममा दर्ता रहेको ललितपुर जिल्ला, लामाटार वडा नं. ०३, स्थित कित्ता नं. १३७ को क्षेत्रफल २-११-३-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : निशा पोखरेल**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२१<br>हालको ठेगाना: ललितपुर जिल्ला, सानेपा वडा नं. ०२<br>श्रीमान : विष्णु कुमार पोखरेल<br>ससुरा : बाल कृष्ण पोखरेल | **नाम : सन्तोष पोखरेल**<br>ठेगाना : ललितपुर जिल्ला, लामाटार वडा नं. ०३<br>हालको ठेगाना: ललितपुर जिल्ला, सानेपा वडा नं. ०२<br>बुवा : विष्णु कुमार पोखरेल<br>बाजे : बाल कृष्ण पोखरेल |

शाखा कार्यालय: चारआली, झापा

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | | |
|---|---|---|---|---|
| १ **नाम: धर्मे हुटसिट मर्मत सेन्टर**<br>ठेगाना: अर्जुनधारा न.पा वडा नं. ११ झापा ।<br>दर्ता नं. २५९/११-२४-००३४<br>पान नं: ६१२५७६००१<br>**कर्जा शिर्षक: बिपन्न बर्ग कर्जा** | **सोहन राजबंशी**को नाममा दर्ता रहेको झापा जिल्ला दुवागड़ी गा.बि.स वडा नं ०५ स्थित कित्ता नं. १३३९ र १३३७ को क्षेत्रफल ०-१-०.५ र ०-०-४.५ (बि-क-धु), को घर जग्गा तथा सो चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **नाम : सोहन राजबंशी**<br>ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५<br>बुबा : नरतम राजबंशी<br>बाजे : सिदम राजबंशी | **नाम : धर्मेन्द्र राजबंशी**<br>ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५<br>बुबा : सोहन राजबंशी<br>बाजे : नरतम राजबंशी | **नाम : आरति राजबंशी**<br>ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५<br>बुबा : निमानु राजबंशी<br>बाजे : धर्म कुमार राजबंशी |
| | | **नाम : फूलमान राजबंशी**<br>ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५<br>बुबा : जय प्रसाद राजबंशी<br>बाजे : पुर्जीलाल राजबंशी | **नाम : रेणुका राजबंशी**<br>ठेगाना : झापा जिल्ला, दुवागडी गा.बि.स वडा नं.०५<br>बुबा : सोहन राजबंशी<br>बाजे : नरतम राजबंशी | **नाम : सागर गिरि**<br>ठेगाना : झापा जिल्ला, शनिस्चरे गा.बि.स वडा नं. ०७<br>बुबा : यम बहादुर गिरि<br>बाजे : काशीनाथ गिरी |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वितीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np
**Branch : Charali, Jhapa, Phone : 023-461102, 023-461411**

वित्तीय सेवाको अर्को परिभाषा



## HELVETAS NEPAL — TRAIL-BASED TOURISM Development Project

### Request for Proposal (RFP)

**Mapping and Documenting Local /Vernacular Architecture on Mundum Trail**
**First Date of Publication: 23 July 2025**

The Trail-based Tourism Development Project (TTDP), a joint initiative of the Governments of Switzerland and Nepal, aims to increase people's income and conserve culture in Koshi Province through innovative and sustainable tourism.

TTDP/Helvetas Nepal invites proposals from consulting firms to procure consulting services for **Mapping and Documenting Local /Vernacular Architecture on Mundum Trail**. The RFP and Terms of Reference (TOR) are available in the **https://notice.helvetasnepal.org/**

Eligible forms must submit proposals with updated CV electronically **to ttdp.np@helvetas.org** by **22 August, 2025, 5:00 PM Nepal time**. The proposal must be signed and compiled as a PDF and submitted within the deadline.



### भाखा नाघेका ऋणीमा कर्जा चुक्ता गर्न आउनेबारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०४/२३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस सुनिश्चित बचत तथा ऋण सहकारी संस्था लि बाट तपाई ऋणी सदस्यले आवास कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको साँवा, ब्याज र अन्य रकम समेत यसै संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाइ सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, ब्याज र अन्य दै दस्तुर समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उलंघन गर्नुभएकोले ऋण चुक्ता गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पुर्ण साँवा, ब्याज र अन्य रकम चुक्ता भुक्तान गर्नका लागी अनुरोध गरिन्छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज तथा अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण बापत रहेको चल अचल सम्पत्ति, सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण निति बमोजिम लिलाम बिक्रि गरी संस्थाले आफ्नो सम्पुर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउदछौं ।
सुरक्षणमा रहेको धितो लिलाम बिक्रि गर्ने, जमानी दिनेको बचत तथा शेयर रकमबाट असुलउपर गरिलिने, सहकारी ऐनको दफा ८० बमोजिम कालो सूचीमा समावेश गरि अन्य कानुनी प्रक्रिया समेत अगाडि बढाउने र संस्थाको सम्पुर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताका अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज, हर्जना तथा अन्य दै दस्तुर असूल उपरका लागी प्रकृया अगाडी बढाइने व्यहोरा ऋणी तथा धनजमानीकर्ता तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | ऋणीको फोटो | धिताको विवरण |
|---|---|---|
| **ऋणीको नाम: जुनादेवी तिमिल्सीना**<br>पतीको नाम: कृष्ण प्रसाद तिमिल्सीना<br>बाबुको नाम: बद्रीप्रसाद खतिवडा<br>ससुसाको नाम: हरिप्रसाद उपाध्याय तिमिल्सीना<br>ठेगाना : काठमाडौं, बाडभञ्ज्याङ, वडा नं.-७<br>हालको ठेगाना : चन्द्रगिरी नगरपालिका-२,बाडभञ्ज्याङ, |  | **जग्गा धनीको नाम:**<br>**१. कृष्ण प्रसाद तिमिल्सीना**<br>बाबुको नाम: हरिप्रसाद उपाध्याय तिमिल्सीना<br>बाजेको नाम: लक्ष्मीप्रसाद उपाध्याय<br>ठेगाना : चन्द्रगिरी नगरपालिका-२ बाडभञ्ज्याङ, वडा नं.-७<br>**२. जुनादेवी तिमिल्सीना**<br>पतीको नाम: कृष्ण प्रसाद तिमिल्सीना<br>बाबुको नाम: बद्रीप्रसाद खतिवडा<br>ससुसाको नाम: हरिप्रसाद उपाध्याय तिमिल्सीना<br>ठेगाना : काठमाडौं, बाडभञ्ज्याङ, वडा नं.-७<br>हालको ठेगाना : चन्द्रगिरी नगरपालिका-२,बाडभञ्ज्याङ,<br>**जग्गाको विवरण**<br>का.जि., बाडभञ्ज्याङ गा.बि.स. वडा नं. ७/क कि.नं. १५४, क्षे.रो. ०-८-०-०. को घर/जग्गा |

द.नं.: ८८९

**सुनिश्चित बचत तथा ऋण सहकारी संस्था लि.**
चन्द्रागिरि न.पा. -३, थानकोट, काठमाडौं
फोन नं.: ४३१२५०४



### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, नयाँ बानेश्वर शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०४/२३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना ०३ गतेको 'नागरिक' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१०३४४/०७५/०७६ कायम भई मिति २०७५/११/२६ मा दर्ता भएको मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ०५ स्थित **कोशी ट्र्याक्टर एण्ड अटोमोवाइल्स ट्रेडर्स प्रा.लि.** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | ब्रम्ह लाल सिटौलाको नाती, देवी भक्त सिटौलाको छोरा, झापा जिल्ला, गरामनी उ.म.न.पा/गा.वि.स. वडा. नं. ०२ बस्ने **रमेश प्रसाद सिटौला** । |
| २. | ब्रम्ह लाल सिटौलाको नाती, देवी भक्त सिटौलाको छोरा, झापा जिल्ला, गरामनी गा.वि.स. वडा. नं. ०२ बस्ने **रविन सिटौला** । |
| **धितो सुरक्षणको विवरण :** | |
| | **कोशी ट्र्याक्टर एण्ड अटोमोवाइल्स ट्रेडर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, कन्चनवारी गा.वि.स/न.पा. वडा नं. ६ (नक्सा सिट नं. ६) को कित्ता नं. १४६८ को ०-२-१०-२ (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००० १ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा नयाँ बानेश्वर शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल भाद्र महिना १२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८२ साल भाद्र महिना १५ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फ्याक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com